भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं./Ref No. : ०७७/०७८

च.नं./Des. No. :

फोन नं.: ०६५-५७२४३६

मितिः २०७८/०१/३१

## भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा कोरोना भाईरस कोविड-१९ को दोस्रो चरणको बढ्दो संक्रमण रोकथाम एवं नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय, तनहुँवाट मिति २०७८/०१/२६ गते जारी निषेधाज्ञा थप १५ दिन (मिति २०७८/०२/१५) सम्म यथावत राख्ने गरी मिति २०७८/०१/३१ मा जिल्ला प्रशासन कार्यालय, तनहुँवाट भएको निषेधाज्ञा आदेशलाइ मध्यनजर गर्दै यस नगरपालिकावाट मिति २०७८/०१/२७ मा जारी सूचनामा उल्लेखित वुँदाहरुको मिति २०७८/०२/१५ गते सम्म अनिवार्यरुपमा पालना गर्नु गराउनु हुन साथै उल्लेखित समयावधि भर Morning Walk र Evening Walk समेत नगर्नु/नगराउनु हुन भिमाद नगरबासी तथा सम्पूर्ण सरोकारवालाहरुमा भिमाद नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

०७८/०१/३१

मेख बहादुर थापा
प्रमुख

# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहूँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं./Ref No. : ०७७/०७८ फोन नं.: ०६५-५७२४३६

च.नं./Des. No. :

मितिः २०७८/०१/२७

## भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा कोरोना भाईरस कोविड-१९ को दोस्रो चरणको बढ्दो संक्रमण रोकथाम एवं नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय, तनहुँवाट मिति २०७८/०१/२१ मा जारी भएको निषेधाज्ञामा केही संशोधन सहित मिति २०७८/०१/२६ को जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय समेतको आधारमा मिति २०७८/०१/२६ गते जारी निषेधाज्ञाको आदेशलाइ मध्यनजर गर्दै यस नगरपालिका क्षेत्रभित्र देहाय वमोजिम गर्न/गराउन भिमाद नगरबासी तथा सम्पूर्ण सरोकारवालाहरुमा भिमाद नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

| | |
|---|---|
| १ | मिति २०७८/०१/२८ देखि २०७८/०१/३१ सम्म संचालन गर्न पाइने सेवा तथा कार्यहरु |
| क | अत्यावश्यक सेवाहरुः एम्वुलेन्स, ग्यास, पेट्रोलियम पदार्थ, खानेपानी, औषधी तथा उपचार सामाग्रीहरु, स्वास्थ्य संस्था, अस्पताल, भेटेरीनरी अस्पताल, भेटेरीनरी औषधी पसल, दुरसंचार, इन्टरनेट, फोहोरमैला व्यवस्थापन, बैंक ATM सेवा, डाक सेवा, सार्वजनिक निर्माण सम्वन्धी कार्यहरु र ढुवानी सेवा । |
| ख | खाद्यान्न, तरकारी, फलफुल, *पशुपन्छीका दाना तथा दानाजन्य पदार्थ,* दुध र दुग्धजन्य पदार्थ, माछा मासु, अण्डाको उत्पादन र विक्री वितरण र निर्माण सामाग्री पसलको सञ्चालन विहान ५ वजेदेखि ९ वजेसम्म मात्र गर्ने र *यस बाहेकका होटल, रेष्टुरेण्ट लगायतका सबै प्रकारका पसलहरु बन्द गर्ने* |
| २ | सवारी पास लिएर संचालन गर्न सकिने सेवा तथा कार्यहरु |
| क | माथि उल्लेख भएका वाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने/जाने, विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनपर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयवाट सवारी अनुमति लिनुपर्ने तथा सो प्रयोजन बाहेकका निजी र सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्न नपाइने । |
| ख | संचारकर्मीको हकमा सूचना विभाग वा सम्वन्धित मिडिया हाउसले जारी गरेको परिचय पत्रको आधारमा आवत/जावत गर्ने |
| ३ | सभा, सम्मेलन र सामाजिक कार्य सम्वन्धमा |
| क | पार्टी प्यालेस, डान्स वार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिमखाना, स्वीमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटवजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद, तालिम, सेमिनार, भौतिक उपस्थितिमा गरिने शिक्षण/प्रशिक्षण र मानिसहरुको भिडभाड हुने अन्य सवै प्रकारका कार्यहरु पूर्ण रुपमा वन्द गर्ने । |
| ख | मठमन्दिर, मस्जिद, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पुजा, ध्यान र प्राथना मात्र गर्ने/गराउने । |

थापा

मेख बहादुर थापा
प्रमुख

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

प.सं./Ref No. : ०७७/०७८ फोन नं.: ०६५-५७२४३६
च.नं./Des. No. :

| | |
|---|---|
| ग | सामाजिक र सांस्कृतिक कार्यहरु विवाह, व्रतवन्ध लगायतमा १५ जना भन्दा वढि सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सवै निर्धारित मापदण्डको पूर्णरुपमा पालना गर्ने गरी पूर्व स्वीकृति लिएर मात्र गर्ने/गराउने । |
| ४ | कार्यालय संचालन सम्वन्धमा |
| क | *यस नगरपालिका र वडा कार्यालयबाट प्रवाह हुने अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु सञ्चालन/प्रवाह नहुने* तथा नगर क्षेत्रभित्रका अन्य कार्यालयहरुले अत्यावश्यक सेवा वाहेक अन्य सेवा प्रवाह वन्द गरी आन्तरिक कार्य मात्र गर्ने । |
| ख | जनप्रतिनिधि, सरकारी कार्यालय र अन्य सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुको सवारी साधनको हकमा परिचय पत्रको आधारमा आवतजावत गर्न दिने । |
| ५ | वैंक, लघुवित्त, विमा, सहकारी लगायतका वित्तीय संस्थाहरुवाट प्रवाह हुने सेवा शाखा प्रवन्धकले स्वास्थ्य तथा सुरक्षाका सवै मापदण्ड पुरा गराइ न्युनतम कर्मचारीको उपस्थितिमा आन्तरिक कार्य मात्र संचालन गर्ने । |
| ६ | सार्वजनिक निर्माण कार्यमा खटिने जनशक्तिलाई निर्माणस्थलमा नै खाने वस्ने प्रवन्ध गर्नुका साथै स्वास्थ्य सुरक्षाका सवै मापदण्डको पूर्ण पालना गर्ने गरी संचालन गर्ने/गराउने अन्यथा निर्माण कार्य बन्द गर्ने । |
| ७ | भारत लगायत अन्य मुलुकवाट यस नगरक्षेत्र भित्र आउने व्यक्तिले अनिवार्यरुपमा आ-आफ्नो घरमा न्युनतम १० दिन होम क्वारेन्टिनमा वस्ने । |
| ८ | *भारत लगायत अन्य मुलुक र कोरोना प्रभावित क्षेत्रवाट यस नगर क्षेत्रभित्र भित्रिने व्यक्तिहरुको निगरानी गर्न र त्यस्ता व्यक्तिहरुको सूचना उपलब्ध गराउन तथा कोविड - १९ रोकथामका लागि स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्न गराउन वडा कार्यालयले सम्बन्धित टोलमा रहेका विद्यालयका शिक्षक, राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्था, नागरिक समाज, स्वास्थ्य स्वयंसेविका, समाजसेवी, बुद्धिजिवीहरुको समन्वयमा परिचालन गर्ने व्यवस्था मिलाउने* |

*पुनश्चः कोरोनासंग मिल्दोजुल्दो लक्षण देखिएका संकास्पद तथा संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन एवं पिसिआर नगरपालिकाले गर्ने भएकोले सो को यथार्थ सूचना सम्बन्धित वडा कार्यालय तथा नगरपालिकामा उपलब्ध गराई दिनु हुन सम्पूर्ण नगरबासीमा भिमाद नगरपालिका हार्दिक अनुरोध गर्दछ ।*

मेख बहादुर थापा
प्रमुख